परिवर्तन गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पुतलाचौर, रोल्पा ।**
५ नं. प्रदेश, नेपाल ।

प.सं. ०७४/७५
च.नं.

मिति २०७४/१२/७

# परिवर्तन गाउँपालिकाको सूचना ।

परिवर्तन गाउँपालिकाको २०७४ भाद्र २७ गतेको प्रथम गाउँसभा, कार्यपालिकाको निर्णय एवं दोस्रो गाउँसभा २०७४ फाल्गुन २७–२९ गते समेतबाट पारित तपशिलका निर्णय कार्यान्वयन गर्न गराउन सरोकारवाला, व्यवसायी, उद्यमी, संघसंस्था, विद्यालय, सुरक्षाकर्मी, नागरिक समाज, बुद्धीजीवि, सरकारी तथा गैर सरकारी संघ संस्था एवं सम्पुर्ण गाउँपालिका बासी दाजु भाई तथा दिदी बहिनीहरुलाई अनुरोध तथा जानकारी गराउँन चाहान्छौं ।

१) मदिरा तथा मदिराजन्य पदार्थको विक्रि वितरण, स्थान, समय र ग्राहकहरुको पहिचान सम्बन्धमा नेपाल सरकारको मदिरा तथा मदिराजन्य पदार्थको नियन्त्रण संशोधित ऐन २०७२ बमोजिम हुने सम्पुर्ण व्यवसायीलाई जानकारी गराईन्छ । एउटै पसलबाट सबै थोक (मदिरा समेत) समानहरुको विक्रि वितरण हुने गरि रहेको विद्यमान स्थितिलाई सुधार गर्न सबैलाई सूचित गरिन्छ ।

२) परिवर्तन गाउँपालिका अन्तर्गत पर्ने सबै खोलानाला हरुमा विषादी हाल्ने, घन हान्ने तथा करेन्ट लगाएर माछा मार्ने कार्य विगत देखी हुदै आइरहेको छ । एवं प्रकारले यो कार्य नरोक्ने हो भने खोलाहरुमा माछाहरुका स–साना भूरा लगाएत अन्य सुक्ष्म जीवहरु पूर्ण रुपले नष्ट हुने खतरा भएकोले उक्त कार्यलाई पूर्णरुपले निषेध र नियन्त्रण गर्नु तपाई हामी सबैको कर्तव्य र जिम्मेवारी भएकोले दोस्रो गाउँ सभा र कार्यपालिकाले पूर्ण रुपले निषेध र निर्यन्त्रण गर्ने निर्णय भएको सवैमा जानकारी गराउछौं । यो निर्णय लाई वेवास्ता गरी कोही कसैले गरेमा गराएकोमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम कार्वाही गरिनेछ ।

३) सार्वजनिक वनजंगल, पानी पधेरो, मसानघाट, चौतारी लगाएत सार्वजनिक सम्पतीको उपयोग तथा उपभोग सम्बन्धमा सम्बन्धित स्थानमा वसोवास गर्ने वासिन्दा सहित गाउँपालिकाका सम्पुर्ण जनताको समान हक एवं पहुच हुने र रहने निर्णय गाउँ सभाबाट भएको सबैमा जानकारी गराईन्छ । सार्वजनिक सम्पतीको रक्षा, संरक्षण र प्रवर्दन गर्नु गाउँपालिका र सबै जनताको समान कर्तव्य र जिम्मेवारी हुनेछ ।

४) सार्वजनिक जंगलहरुमा राती, दिउसो गरेर चोरी शिकारी भइरहेका छन् । यस्तो कार्यलाई निषेध र नियन्त्रण नगर्ने हो भने हाम्रा वनजंगलमा कुनै वन्यजन्तु पाइने छैन । यिनीहरुको संरक्षण र प्रवर्दन गर्नु तपाई हामी सवैको कर्तव्यको विषय हो । आउदा दिनहरुमा कोही कसैले चोरी शिकारी गर्ने गराउने र सोको उपभोग गर्ने हरुलाई समेत वन ऐन तथा वन्यजन्तु संरक्षण ऐन अनुसार कडा कार्वाही गरीने सवैमा सू–सूचित गरीन्छ ।

५) २०७४ फाल्गुन २७ गते देखी २९ गते सम्म वसेको दोस्रो गाउँ सभामा “वजार अनुगमन” निर्देशिका २०७४ पास गरिएको छ । उक्त निर्देशिका वमोजिम आर्थिक वर्ष २०७४/०७५ को अन्त्य सम्म परिवर्तन गाउँपालिकाका सवै व्यवसाय तथा व्यापारीहरुले निम्नानुसार गर्न गराउन अनुरोध छ ।

- यस आर्थिक वर्षको अन्त्यसम्ममा आफ्नो व्यवसाय गाउँपालिका पुतलाचौरमा दर्ता गर्ने,
- आफ्नो पसलमा मूल्य सूचि टाँस गर्ने र नाप तौलको गुणस्तर कायम गर्ने,
- प्रत्येक खाद्य र पेय पदार्थको उत्पादन मिति र उपभोग मिति स्पष्ट देखिने खाद्य र पेय पदार्थको मात्र विक्री वितरण गर्ने । उत्पादन मिति र उपभोग मिति नलेखिएका, टाँस नगरिएका खाद्य वस्तु र अन्य पेय पदार्थ तुरुन्त हटाउने, फर्काउने वा नष्ट गर्ने ,
- ढक, तराजु लगायत नाप तौल गुणस्तर कायम गर्ने ।

६) वालविवाह न्यूनिकरण तथा व्यवस्थापन गर्न, शिक्षा, चेतनाको प्रसार गर्ने र २० वर्ष भन्दा कम उमेरमा विवाह नगर्ने नगराउने,

नोट : उपरोक्त कार्य वैशाख महिनाको अन्तिम सम्म नभएको पाइएमा “वजार अनुगमन निर्देशिका” वमोजिम सम्वन्धित व्यवसाय माथी कार्वाहीको प्रक्रिया प्रारम्भ हुने छ ।

नन्दराम परियार
प्रशासकीय अधिकृत

निमकान्त डाँगी
अध्यक्ष